श्री ५ को सरकार

## रक्षा मन्त्रालयको सूचना

### सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१. यी नियमहरूको नाम "सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६" रहेको छ ।

१.२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

२.१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

२.१.१. "प्याराचुट फोल्डिङ पति" भन्नाले प्याराचुट प्याक गर्ने, मर्मत गर्ने र प्याराचुट तथा तत्सम्बन्धी सामानहरूको सम्भार गर्ने पति सम्झनुपर्छ ।

२.१.२. "प्याराचुट फोल्डर महिला" भन्नाले प्याराचुट फोल्डिङ पतिमा रहेको फोल्डर महिला, रजिष्टर क्लर्क, सहायक चीफ फोल्डर महिला र चीफ फोल्डर महिला सम्झनुपर्छ ।

२.१.३. "फोल्डर महिला" भन्नाले अमल्दार, प्राविधिक अमल्दार र प्राविधिक हुद्दाको दर्जा प्राप्त प्याराचुट फोल्डर महिला सम्झनुपर्छ ।

२.१.४. "रजिष्टर क्लर्क" भन्नाले प्राविधिक जमदार दर्जा प्राप्त प्याराचुट फोल्डर महिला सम्झनुपर्छ ।

२.१.५. "सहायक चीफ फोल्डर महिला" भन्नाले प्राविधिक सुबेदार दर्जा प्राप्त प्याराचुट फोल्डर महिला सम्झनुपर्छ ।

२.१.६. "चीफ फोल्डर महिला" भन्नाले प्राविधिक उप-सेनानी वा प्राविधिक सह-सेनानी दर्जा प्राप्त प्याराचुट फोल्डर महिला सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. योग्यताः

३.१. देहायबमोजिमको योग्यता भएको महिलालाई अमल्दार दर्जाको प्याराचुट फोल्डर महिलामा नियुक्ति गर्न सकिनेछः–

३.१.१ नेपाली नागरिक,

३.१.२ आठ कक्षा उत्तीर्ण भएको,

३.१.३ चार फिट दश इन्च उचाइ भएको,

३.१.४ सत्र वर्ष उमेर पूरा भएको र उन्नाइस वर्ष ननाघेको अविवाहिता।

४. सेवाबाट हट्नेः

४.१ देहायको अवस्थामा प्याराचुट फोल्डर महिलालाई सेवाबाट हटाइनेछः–

४.१.१ अमल्दार दर्जामा रही दुई पटकसम्म प्याराचुट फोल्डिङ तालीममा अनुत्तीर्ण भएमा,

४.१.२ नियुक्ति भएको पाँच वर्ष नपुग्दै विवाह गरेमा ।

५. नियुक्ति र पदोन्नतिः

५.१ अमल्दार दर्जाको प्याराचुट फोल्डर महिलाको नियुक्ति गर्दा शाही नेपाली जंगी अड्डा श्री कार्यरथी विभाग (भर्ना छनौट) ले नियम ३ को योग्यताको आधारमा छनौट गरी नियुक्ति गर्नेछ ।

५.२ उप-नियम ५.१ बमोजिम नियुक्ति भएको प्याराचुट फोल्डर महिलाले सैनिक आधारभूत तालीम र प्याराचुट फोल्डिङ आधारभूत तालीम उत्तीर्ण गरेको मितिबाट निजलाई प्राविधिक अमल्दार दर्जाको प्याराचुट फोल्डर महिलामा नियुक्ति गरिनेछ ।

५.३ प्याराचुट फोल्डर महिलाले आफू बहाल रहेको पदमा पाँच वर्षसम्म सन्तोषजनक रूपमा सेवा गरी पदोन्नतिको लागि आवश्यक पर्ने तालीम पूरा गरेमा निज पदोन्नतिको लागि योग्य हुनेछ ।

६. आयुक्त पद प्राप्त गर्नको लागि चाहिने योग्यताः

६.१ देहायबमोजिम योग्यता भएको सहायक चीफ फोल्डर महिलालाई चीफ फोल्डर महिलाको पदमा नियुक्तिको लागि शाही सैनिक प्राविधिक सेवा नियमहरू, २०१९ को नियम ४ को प्रवर समितिबाट सिफारिश भएका उम्मेदवारलाई प्राविधिक उप-सेनानी आयुक्त पद प्रदान गर्न श्री ५ महाराजाधिराजको स्वीकृतिको निमित्त प्रधान सेनापतिले रक्षा मन्त्रालयमार्फत पेश गर्नेछ र स्वीकृति प्राप्त भएको मितिदेखि उक्त उम्मेदवारले आयुक्त पद पाउनेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१.१ पाँच वर्ष सेवा अवधि पुगेको,

६.१.२ प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण भएको ।

६.२ उप-नियम ५.३ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक उप-सेनानी दर्जाको चीफ फोल्डर महिलाले दुई वर्ष सेवा अवधि पूरा गरेपछि निजलाई प्राविधिक सह-सेनानी दर्जामा पदोन्नति गर्न सकिनेछ ।

७. अनरेरी आयुक्त पद प्रदान गर्न सकिनेः उप-नियम ६.१.२ बमोजिमको शैक्षिक योग्यता नभएका तर दक्ष, वफादार र सेवा अवधिभर प्रसंशनीय रूपमा काम गरेका सहायक चीफ फोल्डर महिलालाई सैनिकसम्बन्धी प्रचलित कानूनबमोजिम अनरेरी आयुक्त पद प्रदान गर्नको लागि सिफारिश गर्न सकिनेछ ।

८. प्याराचुट फोल्डर महिलाले पाउने सुविधाः

८.१ प्याराचुट फोल्डर महिलाले देहायबमोजिमको सुविधा पाउनेछ :–

८.१.१ शाही नेपाली सेनाको साधारण स्केलको रासन,

८.१.२ जाडो तथा गर्मी मौसमको लागि तोकेको पोशाक र क्लोदिङ्,

८.१.३ सेवाको अवधिभर दुई पटकसम्म प्रसूति बिदा,

८.१.४ शाही नेपाली सेनाले पाए सरहको अन्य बिदा ।

९. उमेरको हदः

९.१ प्याराचुट फोल्डर महिलाको अवकाशको निमित्त उमेरको हद देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| ९.१.१ फोल्डर महिला | ४२ वर्ष |
| ९.१.२ रजिष्टर क्लर्क | ४३ वर्ष |
| ९.१.३ सहायक चीफ फोल्डर महिला | ४४ वर्ष |
| ९.१.४ चीफ फोल्डर महिला | ४७ वर्ष |

१०. अवधिः

१०.१ देहायका प्याराचुट फोल्डर महिलाहरूलाई देहायबमोजिमको अवधि लाग्नेछः–

१०.१.१ चीफ फोल्डर महिला – ५ वर्षको एक अवधि ।

१०.१.२ सहायक चीफ फोल्डर महिला – ५ वर्षको एक अवधि ।

१०.२ उप-नियम १०.१.१ बमोजिम चीफ फोल्डर महिलाको अवधि गणना गर्दा प्राविधिक उप-सेनानी दर्जामा रही काम गरेको अवधि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा प्राविधिक उप-सेनानी र प्राविधिक सह-सेनानी दुवै दर्जामा रही काम गरेको अवधि गणना गरिनेछ।

१०.३ उप-नियम १०.१.१ र १०.१.२ बमोजिमको सेवा अवधि पूरा गरी सकेको चीफ फोल्डर महिला र सहायक चीफ फोल्डर महिलालाई निजको कार्यक्षमता र लगनशीलतालाई दृष्टिगत गरी पुनः तीन वर्षको दोस्रो अवधि र दुई वर्षको तेस्रो अवधि थप गर्न सकिनेछ।

१०.४ चीफ फोल्डर महिला तथा सहायक चीफ फोल्डर महिलाको उमेरको हदमा पदावधिको हद जुन अघि हुन आउँछ सोही अवधिमा निजलाई अवकाश दिइनेछ।

११. बचाउ :

११.१ यो नियमावली लागू हुनुभन्दा अगाडि नियुक्त भएको प्याराचुट फोल्डर महिलालाई यसै नियमावलीबमोजिमको सुविधा दिइनेछ ।

११.२ यस नियमावलीमा लेखिएजति कुरा यसै नियमावलीबमोजिम हुनेछ र अन्य कुरामा सैनिकसम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ ।

आज्ञाले,
मुकुन्दशम्शेर थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०२
मुद्रण विभाग, सिंहदरबार